शितगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

नदीजन्य पदार्थ बिक्रीका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना ।

( प्रथम पटक प्रकाशित भएको मिति २०८१/४/२१)

यस शिगतगंगा नगरपालिका वडा नं. ८ रनसिङ खोला किनार तिनखण्डे जुरौनी क्षेत्रमा रहेको तपशिल बमोजिमको नदीजन्य पदार्थ शितगंगा नगर कार्यपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ । बोलपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५% का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८१।०५।१९ गतेका दिन १२:०० बजे भित्र बोलपत्र दाखिला गरी सक्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/**Website- shitagangamun.gov.np** मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसील-</u>

| सि.नं. | ठेक्का नं. आ.व.२०८१/०८२ | स्थान/क्षेत्र | परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेक) | फारम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01-SM/R01/NCB/2081/082 | रनसिङ खोलाको किनार तिनखण्डे जुरौनी क्षेत्र, ४ वटा थुप्रोमा रहेको डम्पिङ परिमाण । | २६४५ | ७५००००।- | १०००।- | |

## शर्तहरु

१. व्यवसायीबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन । व्यवसायी र नगरपालिकाको कार्यालय बिच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार थप शर्त तथा बन्देजहरु समेत राखिनेछ । इच्छुक बोलपत्र दाताहरुले स्थलगत अवलोकन गरी बोलपत्र पेश गर्न सक्नेछन ।

२. बोलपत्र स्वीकृत भएपश्चात सूचना पाएको वा पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ । यदि कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङकको ५०% र अग्रीम आयकर तथा मु.अ.कर बुझाई वाँकी रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ । वाँकी रकम कुल संझौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैंक जमानतबाट असुल गरिने छ ।

३. ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा वाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

४. वालुवा गिट्टी, ढुंगा, मिस्कट निकासी गर्ने चलन चल्तीको बाटो बाहेक नयाँ बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था व्यवसायी स्वयम आफैले गर्नुपर्ने छ । खर्चको दावि गर्न पाईने छैन ।

५. ठेक्का समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईने छ ।

६. ढुङगा, गिट्टी, वालुवा, मिस्कटको ढुवानी गर्दा गराउँदा नगरपालिका, जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने अनुगमन, रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानहरुको पालना गर्नु पर्नेछ ।

७. बोलपत्र खरिदको लागि आफ्नो व्यवसाय संग सम्बन्धित प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको प्रतितिपि संलग्न गर्नु पर्नेछ ।

८. विद्युतीय बोलपत्र फारमको कागजात, स्पेसिफिकेसन, परिमाण, सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय र प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत